परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ३९ २०७८ बैशाख १९ गते आईतवार Sunday 2, MAY 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## जातिय भेषभूषा र पहिचान झल्काउने पोषाक वितरण



आदिवासी जनजातिमा पर्ने मुडियारी, उराव, सन्थाल, कर्मकार, जातिहरु जातिय भेषभूषा र पहिचान झल्काउने पोषकमा सामूहिक फोटोमा ।

रंगेली । आदिवासि जनजातिमा पर्ने मुडियारी, उराव, सन्थाल, कर्मकार, जातिहरुलाई जातिय भेषभूषा र पहिचान झल्काउने पोषक र गायनमा प्रयोग हुने बाजागाजाहरु वितरण गरिएको छ ।

रंगेली नगरपालिकाले एक समारोहको आयोजना गरी सो कार्यक्रमका प्रमुख अतिथी रगेली नगरपालिकाको मेयर दिलीप कुमार अग्रवालले सो सामग्री वितरण गर्दै भने यी जातिहरुको भेषभुषा र गायनका यन्त्रहरु बाजागाजाहरु लोप हुन लागेकोले त्यसको संरक्षणको लागि सानो सहयोग हो अगामी दिनमा अझ सहयोग गर्ने वताएको थिए ।

साही अवसरमा समारोहका विशिष्ट अतिथि राष्ट्रिय आदिवासि जनजाति युवा महासंघ केन्द्रीय अध्यक्ष प्रभाग कुमार खवासले भने कतिपय जातिहरुलाई सरकारले सूचिकृत गरेको छैन तिनीहरुलाई अविलम्ब सूचीकृत गरी राज्यवाट पाउने सेवा सुविधाहरु उपलब्ध गराउनु पर्ने बताएका थिए ।

त्यसैगरी राष्ट्रिय आदिवासि जनजाति युवा महासंघ वरिष्ठ उपाध्यक्ष अशोक राई, स्थानीय जनप्रतिनिधिहरु, स्थानीय आदिवासि जनजाति नेतृत्व गर्ने जातिय प्रतिनिधिहरुको उपस्थितिमा जातिय भेषभुषा सहितको पहिचान झल्काउने पोशाक र बाजागाजा प्राप्त गरेकोमा ती जातीका अगुवा प्रतिनिधीहरु खुशी भएका थिए ।

मुडियारी, उराव, सन्थाल, कर्मकार, जातिको भाषा, कला, सास्कृतिक, पहिचान संरक्षणको लागि नगरपालिकाले सहयोग गरेकोमा राष्ट्रिय आदिवासि जनजाति युवा महासंघ केन्द्रीय कार्य समिति तर्फबाट रंगेलि नगरपालिकालाई हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

## परिक्षा पूर्वनै बाहिरिए पूर्वाञ्चल विश्व विद्यालयको प्रश्न-पत्र

बिराटनगर । पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँबाट परीक्षा हुनुभन्दा पहिले नै प्रश्नपत्र बाहिरीएपछि प्रहरी अनुसन्धानबाट १० जनालाई जनालाई पक्राउ गरेको छ ।

पूर्वान्चल विश्व विद्यालय अन्तर्गतको ईन्जिनियरिङ तर्फको बीई सकेन्ड सेमेष्टर फिजिक्सको मूल विषयको बैशाख ३ गते शुक्रवार गोठगाउँ मोरङमा हुन परिक्षा पूर्वनै प्रश्नपत्र बाहिरीएको थियो ।

प्रश्नपत्र बाहिरीएको सम्बन्धमा अनुसन्धान गरी दिन पूर्वान्चल विश्वविद्यालयबाट आग्रह भए अनुसार जल्ला प्रहरी कार्यालय मोरङबाट अनुसन्धान टोली गठन भई गहन अनुसन्धान पछि पूर्वाञ्चल विश्वविद्यालयको १० जना कर्मचारीलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ८ बस्ने बर्ष ४४ को कोमल प्रसाद गौतम, जिल्ला संखुवासभा मादी नगरपालिका वडा नं.-६ बस्ने बर्ष ३५ को गोपाल कार्की, जिल्ला रूपन्देही तिलोचन नगरपालिका वडा नं.-१२ बस्ने बर्ष ३० को विजय पोखरेल, जिल्ला गोर्खा भिमसेन थापा गाउँपालिका वडा नं.-१ बस्ने बर्ष ३२ को मिन प्रसाद भट्ट, जिल्ला गोर्खा गण्डागी गाउँपालिका वडा नं.३ बस्ने बर्ष ३१ को भरत पठन रहेका छन् ।

त्यसैगरी जिल्ला गोर्खा गोर्खा नगरपालिका वडा नं.-४ बस्ने बर्ष २६ को विकास खड्का, जिल्ला सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका वडा नं.-४ बस्ने बर्ष २८ को निर्मल खड्का, जिल्ला महोत्तरी रामगोपाल पुर नगरपालिका वडा नं.-९ बस्ने बर्ष २९ को नानिपथ मण्डल, जिल्ला सप्तरी वोदेवरसाईन नगरपालिका वडा नं.-७ बस्ने बर्ष २९ को जीवन कुमार यादव, जिल्ला सप्तरी अग्नीसायर कृष्णसवरण गाउँपालिका वडा नं.-५ घर भई भक्तपुर लोकन्थली बस्ने बर्ष २६ को महेश यादव समेत रहेका छन् ।

अनुसन्धानका क्रममा पूर्वान्चल विश्व विद्यालयका फोटो कपी गर्ने कर्मचारीले समाजिक संजाल प्रयोग गरी प्रश्न पत्र बाहिर ल्याएको

वांकी अन्तिम पेजमा...

## प्रदेश नं.१ को राजधानीमा कोरोना बढेसँगै लकडाउन शुरू

बिराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगरमा कोरोना संक्रमितको संख्या बढेसंगै विराटनगरका १९ बटै वडा र आसपासको गाउंपालिकाहरुमा सेमत शनिबार राति १२ बजेदेखि लडकडाउन शुरु हुने भएको छ ।

लकडाउन हुने गाउँपालिकामा कटहरी, जहदा र बुढीगंगा गाउंपालिकाको वडा नं. १, २, ३ र ४ रहेका छन् । उक्त लकडाउन पहिलो चरणमा ७ दिन सम्म लागुहुने भएको छ ।

शनिवार मात्रै प्रदेश नं. १ मा २६६ जना कोरोना संक्रमित थपिएका छन् । जसमध्ये मोरङमा ९१, झापामा ७०, सुनसरीमा ६८, इलाममा ६, उदयपुरमा ५, धनकुटामा ४, संखुवासभा र भोजपुरमा १-१ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण रहेका छन् ।

सामाजिक विकास मन्त्रालयका अनुसार प्रदेश नं. १ को राजधानी विराटनगरमा ३८ महिला र ४३

वांकी अन्तिम पेजमा...

## पत्रकारीता तालिम सम्पन्न

बिरेन्द्र शर्मा

बिराटनग । नेपाल प्रेस इन्स्टिच्यूटले संचालन गरेको दुई महिने र दश महिने पत्रकारीता तालिम एकै साथ सम्पन्न गरेको छ ।

कर्णाली प्रदेशलाई लक्षित गरी प्रेस काउन्सिल नेपालको सहयोगमा नेपाल प्रेस इन्स्टिच्यूटल २०७७ असार देखि चैत सम्म सञ्चालन गरेको पत्रकारीता तालिम सम्पन्न गरेको हो ।

२०७७ चैत्र ३१ मा भएको अन्तिम परीक्षा, ४ महिना लामो प्रयोगात्मक अभ्यास र कक्षागत सक्रियताका आधारमा १० महिने पत्रकारिता तालिमबाट २४ पत्रकारले सफलता हासिल गरेका छन् भने दुई महिने प्रशिक्षणमा ५५ पत्रकारले सफलता पाएका छन् ।

१० महिने पत्रकारिता तालिममा ३० जनाले भर्ना लिई प्रशिक्षणमा सहभागि भएका थिए भने दुई महिने प्रशिक्षणमा एक सयभन्दा बढी क्रियाशील पत्रकारहरुको आवेदन परेको थियो । १० महिने पत्रकारिता तालिमको यो ३६ औ समूह रहेको छ ।

त्यस समूहमा स्याङ्जाकी भवानी अधिकारी अत्युत्तम ( एक्सलेन्ट) स्तर हासिल गरी प्रथम भएको छ भने सोही स्तरमा ईश्वर

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

### परिक्षा...

अनुसन्धानवाट खुलेको छ। सो सम्बन्धामे नियन्त्रणमा लिएकाहरुलाई शिक्षा ऐन २०२८ बमोजिम थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

### प्रदेश नं. १...

पुरुषसहित ८१ जनामा संक्रमण देखिएको छ। त्यसैगरी बुढीगंगामा ३, पथरीशनिश्चरे र जहदामा २-२, बेलबारी, सुन्दरहरैचा र स्थानीय तह नखुलेका १-१ जनामा संक्रमण देखिएको छ।

त्यसैगरी झापाको भद्रपुरमा २४, विर्तामोडमा ११, अर्जुनधारामा ८, मेचीनगर र कनकाईमा ७-७, गौरादहमा ४, बुद्धशान्तिमा ३, हल्दिबारीमा २ र शिवसताक्षी, गौरीगञ्ज, कचनकवल र स्थानीय तह नखुलेका १-१, सुनसरीको धरानमा ३५, इटहरीमा २१, बराहक्षेत्र र इनरुवामा ४-४, रामधुनीमा २, बर्जु र देवानगञ्जमा १-१ जना संक्रमित देखिएको मन्त्रालयले जनाएको छ।

इलामको रोङमा ६, उदयपुरको चौदण्डीगढीमा २, बेलका, त्रियुगा र स्थानीय तह नखुलेका १-१, धनकुटाको धनकुटा नगरपालिकामा ४, संखुवासभाको खाँदबारीमा १, भोजपुरमा १ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण देखिएको छ।

प्रदेशमा कोरोना संक्रमितको संख्या शनिबारसम्म ३२ हजार ९१७ पुगेको छ। संक्रमित भएकामध्ये ३० हजार ४० जना संक्रमणमुक्त भएका छन् भने सक्रिय संक्रमितको संख्या २ हजार ३८२ पुगेको छ।

प्रदेशमा शनिबार ७२५ जनाको पीसीआर परीक्षण गरिएको छ। परीक्षण गरिएकामध्ये १२२ महिला र १४४ जना पुरुषको रिपोर्ट पोजेटिभ आएको छ।

### पत्रकारीता...

उप्रेती, पुष्प भट्टराई र फुर्पा शेर्पाले क्रमशः दोस्रो, तेस्रो र चौथो स्थान हासिल गरेका छन्। अत्युत्तम (एक्सलेन्ट) स्तर हासिल गर्ने १६ प्रशिक्षार्थी पत्रकार छन् भने ६ जनाले उत्तम (भेरीगुड) र दुई जनाले राम्रो (गुड) स्तर हासिल गरेका छन्।

दुवै समूहका प्रशिक्षार्थी पत्रकारलाई एक समारोहको आयोजना गरी वैशाख महिनाभित्रै प्रमाणपत्र वितरण गरिने भएको छ।

नेपाल प्रेस इन्स्टिच्यूटको लोकप्रिय १० महिने पत्रकारिता तालिमको ३७ औं समूहका लागि नयाँ भर्ना खुलेको छ। कुल शुल्क २५ हजार रुपियाँ रहेको यस तालिममा सहभागी हुन कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्छ। जेठ महिनाबाट भर्च्युयल माध्यममा सुरु हुने कक्षा बिहान दुई घण्टा हप्ताको पाँच दिन संचालन हुने भएको छ।

# मास्क किन नलगाएको प्रश्न गर्दै, मास्क लगाई दिदै : मन्त्री राई



बिराटनगर। दोस्रो चरणको कोभिड-१९ को संक्रमण बढी रहेको वेला प्रदेश नं. १ को समाजिक विकास मन्त्री उषाकला राईले मास्क किन नलगाएको प्रश्न गर्दै बटुवाहरुलाई मास्क लगाई दिएर जनचेतना अभियान संचालन गरेको छ।

प्रदेश नं. १ को राजधानी विराटनगरको बस पार्कमा 'जनस्वास्थ्य मापदण्ड पालना गरौं आफू बचौ, अरुलाई बचाऔ' नाराका साथ कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि सो अभियान समाजिक विकास मन्त्रालयको आयोजनामा शुभारम्भ भएको हो।

उक्त अभियानमा मन्त्री राईले भने कोभिड-१९ बाट बच्नका लागि एकमात्र उपाय हो स्वास्थ्य मापदण्ड अनुसार मास्क लगाउने, साबुन पानीले हात धुने, सेनिटाईजरको प्रयोग गर्ने लगायत रहेकोले यस अभियानमा नेपाल स्काउट, नेपाल प्रहरी, ट्राफिक प्रहरी, पत्रकार समाजिक संघ-संस्था, राजनीति कर्मी सबैले सहयोग गर्नु पर्ने वहांको भनाई थियो।

सोही अवसरमा सडकमा मास्क नलगाएका बटुवाहरुलाई मास्क लगाई दिएर मास्क र सेनिटाईजर वितरण गरेका थिए। उक्त अवसरमा प्रमुख जिल्ला अधिकार, समाजिक अभियन्ता, पत्रकार, राजनीतिकर्मी, स्काउट, नेपाल प्रहरी, ट्राफिक प्रहरी लगायतको उपस्थिति रहको थियो।

# शिकार खेल्दा आफ्नै साथीलाई गोली लागी मृत्यु



बिराटनगर। मोरङ केराबारी गाउँपालिका वडा नं. ३ का ३२ बर्षीय हस्त वहादुर राई शिकार खेल्दा आफ्नै साथीले चलाएको भरुवा बन्दुकको गोली लागी मृत्यु भएको खुलेको छ।

बैशाख ८ गते साँझ उनि सोही स्थानमा रहेको बाँसघारी खोप सरकारी राष्ट्रिय बन जंगलमा सोही स्थानका ३७ बर्षीय गजेन्द्र राई र २६ बर्षीय रुबिन लिम्बुसंग शिकार खेल्न गएको थियो।

बैशाख ९ गते दिउसो गजेन्द्र र रुबिनले हस्त बहादुरको शिकार खेल्ने क्रममा आफैले चलाएको गोली लागी मृत्यु भएको भनि प्रहरीलाई खबर गरे लगतै घटनास्थलमा ईलाका प्रहरी कार्यालय केराबारीबाट प्रहरी टोली खटि गई घटनास्थलबाट १ थान भरुवा बन्दुक फेला पारेको थियो। घटना सम्बन्धमा थप बुझ्न ईलाका प्रहरी कार्यालय बेलबारीबाट प्रहरी टोली खटि गई गजेन्द्र र रुबिनलाई पक्राउ गरी अनुसन्धान थालेको थियो।

अनुसन्धानको क्रममा बैशाख ८ गते रातको ९ बजे गजेन्द्र राईले प्रहार गरेको भरुवा वन्दुकको गोली लागि हस्त वहादुर राईको घटनास्थलमा मृत्यु भएको खुल्न आएको ईलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ।

पक्राउ परेका उपर ज्यान सम्वन्धी कसूर र हातहतियार खरखजाना कसुरमा म्यादथप गरी थप अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ।

कोरोना भाइरस (covid–19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग




## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कोरोना संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं

एक वर्ष पहिले कोरोन भइरसको संक्रमणवाट अक्रान्त भएको विश्व जगत दुई चार महिना देखि केही राहत मिलेपनि कोरोनाको दोस्रो लहरले फेरी विश्वलाई चकित तुल्याएको छ । अहिले विश्वा देखिएको कोरोना भाईरस आठ किसिमका छन् । पहिलेको तुल्नामा बढी शक्ति भएको कोरोना भाइरसले अहिले बालबालिका देखि बृद्धबृद्धा सम्मलाई संक्रमणको चपेटामा पारेको छ । प्रदेश नं. १ को राजधानी विराटनगर महानगर पालिका लगायत आसपासका गाउँपालिकाहरुमा शनिवार राती १२ बजे देखि निषेधाज्ञा जारी हुने भएको छ । कोरोना संक्रमणका कारण घन्टैपिच्छे मृत्यु हुन थालेपछि सरकारले रोकथामको एकमात्र विकल्प निषेधाज्ञालाई नै रोजेको छ । नेपालको दक्षिणी छिमेकी मित्र राष्ट्रि भारतमा कोरोनाको महामारी फैलिसको छ । कोरोना संक्रमणको कारण दिनहुं हजारौको मृत्यु भई रहेको छ भने लाखौ संक्रमण थपि रहेको छ । संक्रमणबाट जोगिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गरेको मापदण्ड अपनाउनुको विकल्प पनि छैन । मुलुकका ९ जिल्ला हटस्पटको रुपमा घोषणा गरिसकेको छ ।

भारत जस्तै नेपालमा पनि कोरोना संक्रमणको दर उच्च रहको स्थानहरुमा निषेधाज्ञा जारी गर्न सिफारिस गरको छ । नेपाल सरकारले निषेधाज्ञा जारी गरी रहदा चिकित्सकहरुले निषेधाज्ञा जारी गर्न ढिलो भएकोले कोरोना संक्रमण व्यवस्थापन गर्न हम्मे हम्मे परेको छ । कोरोना भाइरसको दोस्रो लहर सुरु भएसँगै यो सातादेखि मुलुकभरका दर्जनौं अस्पतालमा बिरामीले बेड पाउन छोडेका छन् । मेचीको काँकडभिट्टा होस् वा कैलालीको गौरीफन्टा अनि कञ्चनपुरको गड्डाचौकी, दैनिक हजारौंको उक्त संख्याको सही व्यवस्थापन हुन नसक्दा र फर्किनेहरूले पनि स्वास्थ्य सावधानी नअपनाउँदा संक्रमण दर ह्वात्तै बढेको छ। सुरक्षाकर्मी र कर्मचारीले चाप थेग्न र व्यवस्थित गर्न नसकेपछि संक्रमण बढेको र उक्त चापले अस्पताल भरिभराउ हुन पुगेका छन् ।

कोरोना भइरसको भयावह अवस्थामा पनि सडक, चौक, बजार, मल लगायतका ठाउँमा नागरिकहरु सजग भएका छैन । त्यसले नेपाल सरकारले निषेधाज्ञा जारी गर्न बाध्य भएको छ । कोरोना संक्रमणवाट सुरक्षाको लाग आफै सचेत भएर आफू पनि बचौ र अरुलाई पनि बचाउन अहिलेको आवश्यकता हो ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# विश्वमा फ्लू महामारीको इतिहास

डा. केदार कार्की

इतिहासका सबै कालखण्डमा फ्लुको महामारी भएका अभिलेख छन् । १९१८ देखि हालसम्म चार पटक विभिन्न प्रकृतिका फ्लुको महामारी भएको तथ्य भेटिन्छ ।

**१९१८-१९१९ - स्पेनिस फ्लु एच १ एन १,**

१९१८ को आएको फ्लुको महामारीलाई स्पेनिस फ्लु भनियो जनसमुदाय अचानक बिरामी भए । त्यसबेला बिहान सकुशल रहेको व्यक्ति साँझमा एक्कासि मृत्यु भएका थिए भन्ने अभिलेख भेटिन्छन् । तर स्पेनिस फ्लुबाट ग्रसित जनसमुदायमा भएको मृत्यु भने स्पेनिस फ्लुले नभई जीवाणुजन्य सङ्क्रमणको जटिलताका कारण भएको निमोनियाका कारण मानिएको छ ।

१९१८ को फ्लुको महामारीको भएको क्षति :

- त्यसबेला विश्वभरीमा करिब २०-४० प्रतिशत मानिस बिरामी भए ।
- ५ करोड मानिसको मृत्यु भएको तथ्याङ्क छ ।
- अमेरिकामा मात्रै करिब ६ लाख ७५ हजार मानिसको मृत्यु भएको देखिन्छ ।
- २०-५० वर्षका उमेर समूहका मानिसको मृत्यु दर बढी थियो ।

**१९५७-१९५८ - एसियन फ्लु एच २ एन २,**

फेब्रुअरी १९५७ मा एउटा नयाँ फ्लु भाइरस सुदूरपूर्वमा पहिचान भयो । ६५ वर्षभन्दा कम उमेर समूहका मानिसमा प्रतिरक्षात्मक क्षमता न्यून रहेको थियो । महामारी हुन सक्ने अनुमान गरियो । १९५७ मा भाइरस गर्मीको मौसमपारी फाटफुट रोग देखाउँदै अमेरिका पुगेको अभिलेख छ । वर्षे बिदापछि विद्यार्थी स्कुल पुगेपछि तिनले कक्षामा रोग सर्नुका साथै घरपरिबार तथा छरछिमेकमा पनि रोग सार्ने वाहकको काम गरेको देखिन्छ । अक्टोबर १९५७ मा सङ्क्रमण दर स्कुले विद्यार्थी, अधबैंसे उमेरका तथा गर्भवतीहरुमा बढी देखा पऱ्यो ।

डिसेम्बर १९५७ मा महामारी नियन्त्रण हुन पुग्यो । दोस्रो महामारी पुन: १९५८ को जनबरी, फेब्रुअरीमा देखा पऱ्यो । तथापि १९५७ को महामारी १९१८ को फ्लुको महामारी जस्तो भयावह थिएन । इन्फ्लुएन्जा तथा निमोनियाजन्य मृत्यु सेप्टेम्बर १९५७ र मार्च १९५८ मा भएको थियो । यो फ्लुबाट अमेरिकामा करिब ७० हजार मानिसको मृत्यु भएको देखिन्छ । मृत्यु हुनेमा ज्येष्ठ उमेरका मानिस बढी थिए । त्यसबेला यसलाई एसियन फ्लु भनियो ।

**१९६८-१९६९ - हङ्कङ फ्लु एच ३ एन ३,**

सन् १९६८ को सुरुमा हङ्कङमा नयाँ फ्लु भाइरस पहिचान गरियो । सेप्टेम्बर १९६८ को सुरुमा अमेरिकामा पहिलो बिरामी फेला परेको देखिन्छ । डिसेम्बर १९६८ सम्ममा रोग अमेरिकामा व्यापक रूपमा देखिएको थिएन । फ्लु भाइरसका कारण डिसेम्बर १९६८ र १९६९ को जनवरीमा करिब ६५ वर्ष उमेर समूहका मानिसको मृत्यु भएको देखिन्छ । यस पटकको महामारीबाट सेप्टेम्बर १९६८ र मार्च १९६९ बीचमा करिब ३३,८०० मानिसको मृत्यु भएको देखिन्छ ।

जनस्वास्थ्यकर्मीले अमेरिकामा फ्लु भाइरसको पटक पटकको महामारीबाट मृत्यु दर कम हुँदै जानुका विभिन्न कारण देखाएका गरेका छन् ।

- हङ्कङ फ्लु भाइरस १९५७ मा महामारी गराउने एसियन फ्लु भाइरससँग अनुवांशिक सामिप्यता हुनाले पनि जनसमुदायमा रोगविरुद्ध जुध्न सक्ने क्षमता विकास हुनु ।
- हङ्कङ फ्लु भाइरसको प्रकोप डिसेम्बर १९६८ मा देखिँदा अधिकांश विद्यालय जाडो बिदाका लागि बन्द थिए । विद्यार्थी स्कुल नपुगेकाले कक्षामा रोग सार्ने माध्यम भएनन् । यसका साथै घरपरिवार तथा छरछिमेकमा पनि रोग सार्ने वाहक भएनन् ।
- आधुनिक उपचार सेवाको विकास, रोगको सघन निगरानी, द्रुत प्रयोगशालाकृत रोगनिदान प्रविधि जनस्वास्थ्य सचेतना सूचना प्रवाह, अनि जीवाणुजन्य सहसङ्क्रमणविरुद्ध एन्टिबायोटिकको सहज उपलब्धता ।

**२००९-२०१० :स्वाइनफ्लु एच १ एन १**

२००९ को वर्षायाममा अमेरिका तथा विश्वमा नयाँ फ्लु भाइरस फेला परेको देखिन्छ । यसलाई सुरुमा स्वाइनफ्लु भनियो । अमेरिकामा एच१एन१ ( स्वाइनफ्लु) को पहिलो बिरामीमा अप्रिल १५ २००९ मा पहिचान गरियो । अप्रिल २६ २००९ मा अमेरिकी सरकारले एच१एन१ ( स्वाइनफ्लु) लाई जनस्वास्थ्यजन्य सङ्कटकाल घोषणा गर्नु पर्यो । सोही वर्ष अमेरिकामा जुन महिनासम्ममा १८ हजार बिरामी देखा परे । यस महामारीका कारण करिब विश्वका ७४ मुलुक प्रभावित भएका थिए । नोभेम्बर २००९ सम्ममा अमेरिकामा ४८ प्रान्तमा साना केटाकेटीहरुमा रोग देखियो । यसै महिनामा जोखिममा रहेका उमेर समूहमा ६.१ करोड खोप लगाएका कारण रोगको महामारी न्यून हुँदै गयो ।

अप्रिल २००९ र अप्रिल २०१० मा क्रमश: ४.३ र ८.९ करोड जनसमुदायमा एच१एन१ ( स्वाइनफ्लु) सङ्क्रमण देखियो । यसबाट क्रमश: ८,८७० र १८,३०० मानिसको मृत्यु भएको तथ्याङ्क भेटिन्छ । सो अवधिमा करिब ८ करोड मानिसले खोप लगाएका कारण रोग नियन्त्रण भएको अनुमान छ । अगस्ट १०, २०१० मा विश्व स्वास्थ्य सङ्गठनले मानिसमा एच१एन१ (स्वाइनफ्लु) को विश्व महामारी नियन्त्रण भएको घोषणा गऱ्यो ।

**१९९७ देखि हालसम्म : बर्ड फ्लु**

सन् १९९७ सम्म कुखुरामा लाग्ने एभिएन इन्फ्लुएन्जा भाइरसले मानिसमा कुनै असर देखाएको थिएन तर १९९७ मा हङ्कङमा १८ जना मानिस यो रोगबाट प्रभावित भएका थिए । तीमध्ये ६ जनाको ज्यान गएको थियो । सन् २००३ देखि कोरिया हुँदै दक्षिण पूर्वी एसियामा यो रोग फैलिन थालेपछि यसका आर्थिक तथा मनोसामाजिक असर बढी देखिन थाल्यो । यो रोग त्यसपछि मङ्गोलिया, रुस, मध्यपूर्व, युरोप, अफ्रिका र दक्षिण एसियासम्म फैलन पुग्यो । रोग लागेका मध्ये ६० प्रतिशतभन्दा बढीको मृत्यु भएको देखिन्छ । यो उच्च प्रतिशतको मृत्युदर नै यस रोगको सबैभन्दा खतरनाक पाटो हो । अहिलेसम्म यो रोग पन्छीबाट मानिसमा सरे पनि मानिसबाट मानिसमा सरेको यकिन प्रमाण छैन । यो रोगबाट १५ देशमा मानिस बिरामी परेका छन् भने १२ देशमा मरेका छन् । सबैभन्दा बढी इन्डोनेसियामा १५७, त्यसपछि भियतनाममा ६१ जना र इजिप्टमा ६० जना मरेका छन् ।

छिमेकी देश चीनमा २८ जना र दक्षिण एसियाली देश पाकिस्तानमा १ जनाको मृत्यु भएको तथ्याङ्क छ । त्यसबाहेक थाइल्यान्ड, अजरबैजान, कम्बोडिया, इराक, लाओस, नाइजेरिया र टर्कीमा बर्ड फ्लुका कारण धेरै मानिस मरेको पाइन्छ । नेपालमा सर्वप्रथम यो रोग सन् २००९ को जनवरी महिनामा देखापरेको थियो । इ.स. १९९७ मा हङ्कङमा फेला परेको बर्ड फ्लु प्रत्येक वर्ष यसको सङ्क्रमण नियन्त्रण गर्न गाहो हुँदै गइरहेको स्थिति थियो । सन् १९९७ ताका बर्ड फलुको चर्चा पछि मात्र विश्व समुदायको ध्यान गई यो रोगको कारक तत्त्व एच५एन१ भएको पत्ता लगाएको देखिन्छ । विगतमा इन्फ्लुएन्जा ए यसका उपप्रजाति एच र एनका फरक फरक रूपका कारण यसको केन्द्रबिन्दु अनि प्रभावित समुदायको पृष्टभूमि हेर्दा विगतमा यस विषाणुको प्रकोप झण्डै विश्व माहामारिको रूप लिएको देखिन्छ । यो स्थितिमा बीसौं शताब्दीमा ३ वटा विश्व महामारीको त्रासदी बेहोरेको देखिन्छ ।

यो रोगका कारण जनस्वास्थ्य कति जोखिममा ?

रोगबाट सङ्क्रमित भएका मानिसलाई उपचार गरी निको पार्न अहिलेसम्म प्रभावकारी मानिएका औषधि कुनै भूगोलमा प्रभावकारी भए अर्को भूगोलमा प्रभावकारी हुन सक्ने सम्भावना न्यून पाइएको छ । आज जनस्वास्थकर्मीहरुको टाउको दुखेको यतिले मात्र हो । कुखुराको बर्डफ्लु मानिसमा लागे एभियन इन्फ्लुएन्जा भन्ने यो रोगबाट बच्ने उपाय त एउटै होला जस्तो छ । त्यो भनेको पूर्वसतर्कता व्यक्तिगत सतर्कता अनि सूचना प्रवाह । विज्ञको द्रुत अनुगमन र यथोचित सूचना प्रवाह अनि द्रुत कारबाही गर्दा पनि विश्वका ६० भन्दा बढी मुलुकका कुखुरा सङ्क्रमित भई लाखौंको पन्छीजन्य प्रजाति मरेका छन् । मानवीय क्षति हेर्ने हो भने आजसम्मको अभिलेखअनुसार १७ मुलुकका ३७७ जनाको मृत्यु भइसकेको छ । यो सङ्ख्या यसिया प्रशान्तमा नै बढी देखिन्छ ।

**चर्चा एच५एन १ को नै बढी**

दशौं शताब्दीका तीन विश्व महामारीको पृष्ठभूमिलाई दृष्टिगत गर्ने हो भने इन्फ्लुएन्जा ए प्रजातिको उपप्रजाति एच१एन १, एच२एन२, एच३एन३, को क्रमश: संलग्न भएको अभिलेख छ । तर एच५एन१ उपप्रजातिको यो भाइरसको चर्चा पहिलो पटक सन् १९९७ मा हङकङमा प्रकाशमा आएको थियो ।

वांकी ४ पेजमा...

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# आफू सत्तामा हुँदा केही गर्न नसक्ने र अहिले प्रयास गरेको काम हुँदा त्यसको केही अर्थ छैन भन्ने ?



राजेन्द्र महतोसँग विशेष अन्तवार्ता, वरिष्ट नेता, जनता समाजवादी पार्टी नेपाल

० सरकारले १२० जना आन्दोलनकारीमाथिको मुद्दा फिर्ता लिएको छ, यसलाई कुन रुपमा लिनुभएको छ ?

– वर्षौंदेखि हाम्रा नेता कार्यकर्ताहरु पीडामा थिए । सरकारद्वारा झुठा मुद्दा लगाएर परेशान गरिएको थियो । झुठा मुद्दा फिर्ता र राजबन्दी रिहाइका लागि हामीले पटक-पटक सबै सरकारहरुसँग आग्रह गर्दै आएका थियौं र यो सरकारलाई पनि आग्रह गरेका थियौं । यो सरकारको मन्त्रिपरिषद्को निर्णय बुधबार जुन सार्वजनिक भयो, त्यसबाट एउटा शुभ संकेत देखिएको छ र सकारात्मक पहल भयो यो सरकारबाट । पहिलो चरणमा १५ वटा मुद्दाका १२० जना हाम्रा साथीहरुमाथिको मुद्दा फिर्ता भएको छ । अझ पनि १० वटा मुद्दामा करिब एक सयभन्दा बढी साथीहरुमाथि मुद्दा छँदैछ । त्यो पनि फिर्ता गरिदिनुस् भनेर हामीले सरकारलाई आग्रह गरेका छौं । त्यो पनि प्रक्रियामा छ, चाँडै फिर्ता हुन्छ होला । सरकारको यो कामका लागि धन्यवाद दिन चाहन्छु ।

० शुभ संकेत भन्नाले मागहरु पूरा हुनेतिर हो कि सत्ता सहकार्यका लागि ?

– हाम्रो यी दुइटै कुरा जोडिन सक्छ । हाम्रा राजनीतिक मागहरु जुन विगतमा पूरा हुन सकेन । यो केपी ओलीको सरकारलाई हामीले विगतमा बाहिरबाट समर्थन गरेका थियौं र उपेन्द्र यादवजी दुईबुँदे सहमति गरेर सरकारमै सहभागी हुनुभएको थियो । खासगरी, त्यो संविधान संशोधनका सवालहरु थिए, त्यतिबेला त्यो सवाल सम्बोधन गरिएन । त्यसपछि हामीले समर्थ फिर्ता लिएका थियौं, उपेन्द्रजी सरकारबाट बाहिर आउनुभएको थियो । त्यो सवाल मुख्य हो । यो शुभ संकेत त हो, विश्वासको वातावरण बनाउने सरकारको यो निर्णयबाट भएको हो । अब मुख्य सवाल संविधान संशोधनको विषयवस्तुमा प्रवेश गर्नुपर्ने हो । प्रधानमन्त्रीजीले भन्दै आउनुभएको आवश्यकता र औचित्य स्वीकार गरेर संशोधनको प्रक्रियामा लैजानका लागि अब त गृहकार्य सुरु गर्नुपर्‍यो । संविधान संशोधनका लागि सरकार अब सकारात्मकरुपमा अगाडि बढ्नुपर्छ, त्यो पनि हामीले अपेक्षा गरेका छौं । नागरिकता सम्बन्धी विधेयक तीन वर्षदेखि संसदमा थन्किएको छ, त्यसबाट जन्मसिद्ध नागरिकका लाखौं सन्तानहरु विचलित अवस्थामा छन्, ती मुद्दाहरुसमेत सकारात्मकरुपमा अगाडि बढाउनुपर्‍यो, संसदबाट पारित गराउनुपर्‍यो । यी सवालमा सरकार सकारात्मकरुपमा अगाडि बढेको अवस्थामा सरकारसँग सहयोग आदान-प्रदान हुन सक्छ । सरकारलाई सहयोग गर्न सक्ने वातावरण बन्न सक्छ । पार्टीभित्र यी कुराहरु उठाउन सकिन्छ र पार्टीको निर्णयअनुसार सरकारलाई सहयोग गर्न पनि मिल्छ । त्यसैले सुरुवात सकारात्मक हो ।

० तपाइँहरु शुभ संकेत भनिरहनुभएको छ भने उपेन्द्र यादवले यसलाई अर्कै तरिकाले अर्थ्याउनुभएको छ नि ?

– यो लोकतन्त्र हो, पार्टीभित्र पनि लोकतन्त्र हो । पार्टीभित्र कुनै पनि नेताले कुनै पनि आफ्नो धारणा बनाउन सक्छ र विभिन्न कारणले धारणा बन्छ । अहिले पार्टीको कुनै निर्णय नभइसकेको अवस्थामा सत्ता समीकरणको सवालमा कुन सरकारलाई सहयोग गर्ने, कता जाने, कोसँग जाने, कुन समीकरणमा जाने, आफ्नो माग मुद्दा सम्बोधन गराउने तर्फ जाने वा अर्कोतर्फ जाने लगायतका विभिन्न सवालहरु छन् । यो सन्दर्भमा अहिलेसम्म पार्टीको कुनै पनि निर्णय भएको छैन । समय आएपछि पार्टीले यो सन्दर्भमा पनि एउटा निर्णय गर्छ र पार्टीले जेन निर्णय गर्छ सोही अनुसार नै चल्छ । पार्टीको निर्णय नभइसक्दा हामी सबैले आआफ्ना विचार राख्न सक्छौं । पार्टीको निर्णयमा चित्त बुझेन भने नोट अफ डिसेन्ट पनि लेख्न पाइन्छ । त्यसैले उपेन्द्र यादवजीको भनाइलाई अन्यथा लिनुहुन्न । हाम्रा पार्टीका कुनै नेताले केही भन्दैमा त्यहीं कुरा पार्टीको लाइन हुँदैन । अन्ततोगत्वा पार्टीको निर्णयअनुसार नै हुन्छ । मुद्दा मामिला सरकारले नै फिर्ता गर्ने हो । विगतमा ओली, प्रचण्ड र कोइरालाहरुले मुद्दा फिर्ता लिएन तर अहिलेको सरकारले लिइरहेको छ । जुन दुईबुँदे सहमति गरेर उपेन्द्रजी सरकारमा जानुभएको थियो, त्यो उहाँले कार्यान्वयन गराउन सक्नुभएन । अब सरकार त्यो विषयमा प्रवेश गर्नुपर्छ । सरकारसँग सहकार्यका लागि जहाँबाट सम्बन्ध टुटेको थियो, त्यहाँबाट सरकारले त्यो सम्बन्ध जोड्नुपर्छ । त्यसपछि हाम्रो कुरा सकारात्मकरुपमा अगाडि बढ्न सक्छ । त्यसपछि पार्टीले यो सरकारसँग पनि सहकार्यको अवस्था बनाउने निर्णय गर्छ । त्यसैले आगामी दिनमा पार्टी कसरी अगाडि बढ्ने हो त्यो सरकारको क्रियाकलापमा नै निर्भर गर्छ ।

० तपाइँहरु (पूर्वराजपा)ले यो सरकारसँग सहकार्यको वातावरण बन्न सक्छ भन्नुहुन्छ भने अर्कोतिर पूर्वसमाजवादीका नेताहरु कुनै पनि हालतमा ओलीसँग सहकार्य हुन सक्दैन भन्दै आउनुभएका छन् । यस्तो अवस्थामा जसपा एक रहन सक्छ त ?

– त्यो व्यक्तिको विचार हो, पार्टीको विचार होइन । पार्टीले यो सम्बन्धमा कुनै पनि निर्णय गरेको छैन । केपी ओलीको बहिर्गमन र यसको विकल्पमा अर्को सरकार निर्माण गर्ने वा केपी ओलीको सरकारले नै माग पूरा गरिरहेको छ भने यही सरकारको निरन्तरता, यही सरकारलाई सहयोग, समर्थन र सहकार्यसम्मको निर्णय पार्टीले गरेको छैन । त्यसैले यस विषयमा आ-आफ्नो विचार आइरहेका छन् । यस्ता विचारहरु आउनु स्वाभाविकै हो । कुनै निर्णय भइसकेपछि त्यो लागू हुन्छ र चित्त बुझेन भने नोट अफ डिसेन्ट लेख्न पाइन्छ । दुनियाँको लोकतान्त्रिक पार्टी यही प्रक्रियाबाट चल्छ ।

० माग पूरा गरेपनि प्रतिगमनकारीसँग कसरी सहकार्य हुन्छ त ?

वांकी ५ पेजमा...

## दुर्घटनामा परी दुइ जनाको मृत्यु

विराटनगर । सुनसरी र मोरङको छुट्टा छुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ ।

सोमबार सुनसरी ईटहरी उपमहानगर पालिका वडा नं. २० पानीपिया स्थित कोशी राजमार्गमा धरान आउदै गरेको ना ५ ख ५८२३ नम्बरको ट्रकले सोही दिशा तर्फ जाँदै गरेको प्रदेश १-०२-०४० प ५८२७ नम्बरको मोटरसाईकललाई ठक्कर दिँदा गम्भिर घाईते भएका मोटरसाईकल चालक धनकुटा आले-४ का २० बर्षीय राकेश राईको घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

ट्रक प्रहरीको नियन्त्रणमा रहेको र चालक मोरङका २८ बर्षीय कृष्ण कुमार माझी तत्काल फरार रहेकोले खोजतलास भईरहेको सो कार्यालयले जनाएको थियो ।

त्यस्तै सोमबार मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं. ७ स्थित उत्तर तर्फ आउदै गरेको मे १ त ४१६२ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टर चालक कानेपोखरी ५ चिसाङ का २१ बर्षीय बिनोद अधिकारी गम्भिर घाईते भएका थिए ।

उनको नोवेल शिक्षण अस्पताल विराटनगरमा उपचारको क्रममो मृत्यु भएको ईलाका प्रहरी कार्यालय बेलबारी मोरङले जनाएको थियो ।

## पेस्तोल सहित एक जना पक्राउ

बिराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. ७ बाट पेस्तोल सहित १ जना पक्राउ परेको छ ।

पक्राउ पर्नेमा सुनसरीको ईटहरी उप-महानगरपालिका वडा नं. १७ घर भई उक्त स्थानमा आर.एम.टेडर्स हाडवेयर पसलका संचालक २३ बर्षीय सुजित साह रहेका छन् ।

आईतवार राजश्व अनुसन्धान कार्यालय ईटहरी सुनसरी तथा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा साहले लुकाई छिपाई राखेको अवस्थामा १ थान कटुवा पेस्तोल र सोही पेस्तोलमा लाग्ने २ राउण्ड गोली बरामद गरेको थियो ।

हतियार सहित पक्राउ परेका साहको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## भारतीय नोट सहित एक पक्राउ

बिराटनगर , भारु नोट सहित एक जना भारतीयलाई प्रहरीले पक्राउ गरेको छ ,

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थित बीआर टी ३४१० न.को मोटर साईकलमा देश भारत अररिया बस्ने बर्ष २२ को रुपेश ठाकुरलार्य पक्राउ गरेको हो ।

ठाकुर विराटनगरतर्फ आई र हेको अवस्थामा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा निजको साथबाट भारु नोट ५ सयका दरले ७७ थान जम्मा रु. ३८ हजार ५ सय र नेपाली रूपैया १ हजारका दरका २६ थान, ५ सयको ४० थान १ सयको ६ थान र १० का १ थान गरी जम्मा रु ४६ हजार ६ सय १० बरामद गरिएको थियो ।



ठाकुरलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय रानीमा ल्याई थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ,

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा कार्यालयमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| श्रीप्रसाद यादव<br>नगर प्रमुख | राजकुमारी चौधरी<br>नगर उप-प्रमुख | भूपध्वज थापा<br>प्र.प्रशासकिय अधिकृत |
|---|---|---|

गढी गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ सुनसरी, नेपाल

गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा कार्यालयमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

| लाली प्रसाद मेहता<br>अध्यक्ष | पुनिता देवी यादव<br>उपाध्यक्ष | चुडामणी गुरागाई<br>प्र.प्रशासकिय अधिकृत |
|---|---|---|

देवानगञ्ज गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ सुनसरी, नेपाल

# प्रदेश १ को राजधानी विराटनगरमा सुविधा सम्पन्न कोभिड अस्पताल संचालनमा

विराटनगर । प्रदेश १ सरकारले शुक्रवार देखि कोरोना भाईरस (कोभिड-१९) संक्रमितहरुको उपचारका लागि सुविधा सम्पन्न अस्पताल संचालनमा ल्याएको छ ।

प्रदेश सरकार र नागरिक केयर सेन्टरको संयुक्त लगानीमा निर्माण गरिएको कोभिड अस्पतालमा ९६ वेडको व्यवस्था गरी सञ्चालनमा ल्याएको हो ।



अस्पतालमा विरामी भर्ना शुरु गरिसकेको छ । विरामी भर्ना गर्नुअघि मुख्यमन्त्री शेरधन राई र सामाजिक विकास मन्त्री उषाकला राईले अस्पतालको निरीक्षण गर्नुभएको थियो । अस्पतालको निरीक्षण गर्दै मुख्यमन्त्री राईले कोरोना संक्रमितको उपचारका लागि प्रदेश सरकारले अहोरात्र काम गरिरहेको बताउनुभयो । उहाँले संक्रमण दर बढेसँगै उपचारको प्रवन्ध पनि गर्दै गएको बताउँदै निजी अस्पताल हरुसँग पनि छलफल भईरहेको जानकारी गराएका थिए । मुख्यमन्त्री राईल भने विराटनगर बाहेक जिल्ला स्तरमा पनि २० वेड सम्मको आईसोलेसन केन्द्र निर्माणका लागि जिल्ला अस्पताल हरुलाई निर्देशन दिईसकिएको बताए ।

विराटनगरमा संक्रमण बढ्दै गएकाले चेनब्रेक आवश्यक देखिएको बताउँदै मुख्यमन्त्री राईले प्रदेश १ का ५ स्थानमा होल्डिङ सेन्टर बनाउने निर्णय भएको बताउनु भएको थियो ।

होल्डिङ्ग सेन्टरहरुमा विराटनगरको रानी, झापाको काकडभिट्टा, गौरीगञ्ज, इलामको पशुपतिनगर, सुनसरीको भाण्टाबारी, सोलु, ओखलढुङ्गा र खोटाङमा होल्डिङ सेन्टर बनाउने निर्णय गरिएको जानकारी दिएको थियो ।

सामाजिक विकास मन्त्री उषाकला राईले प्रदेश सरकारले सञ्चालन गरेको कोभिड अस्पताल अत्याधुनिक रहेको बताउँदै कोभिड अस्पतालको लागि आवश्यक जनशक्तिको व्यवस्थापन भईसकेको जानकारी गराएका थिए ।

## विश्वमा...

यसको विश्वव्यापी चर्चा भने सन् २००३ देखि मात्र हुन थालेको देखिन्छ । यस उप्रान्तका अभिलेखहरुको दृष्टान्त हेर्ने हो भने सन् २००३ मा चीनमा १ जना अनि भियतनाममा ३ जनाले यस रोगबाट मृत्युवरण गर्नुपरेको तथ्य सार्वजनिक भएपछि विश्वसमुदायको चिन्ता यस रोगतर्फ जान थालेको हो । त्यसयता यस रोगबाट पछिल्लो पटक जनवरी महिनामै चीनमा एकजना र इन्डोनेसियामा १ जनाले मृत्युवरण गरेको तथ्य सार्वजनिक भएको छ । आजसम्मका अभिलेखका विश्लेषन गर्ने हो भने हाम्रा सामु एउटा तथ्य देखा पर्दछ । त्यो भनेको मृत्यु सङ्ख्याका आधारमा इन्डोनेसिया सबैभन्दा अगाडि देखिन्छ । त्यहाँ यस रोगबाट सङ्क्रमितमध्ये १२५ जनाले मृत्युवरण गरेको अभिलेख छ । भियतनाममा विगत छ वर्षमा ५२ जनाले समाधि लिन पुगेका छन् । चीन र इजिप्टमा २३, २३, थाइल्यान्डमा १७ कम्बोडियामा ७ अजरबैजानमा ६ टर्कीमा ४ इराक लाओसमा २, २ तथा पाकिस्तानमा र नायिजेरियामा १, १ जना र नेदरल्यान्डमा २००३ १ जना पशुचिकित्सकको मृत्यु भएको थियो । दशौं शताब्दीको सुरुवाती वर्षमा चर्चामा आएको यो रोग आजको स्थितिसम्मको एउटा सुखद पक्ष यसलाई मान्न सकिन्छ कि पन्क्षीमा लागेपछि मानिसमा सर्ने यो रोग मानिसबाट मानिसमा सरेको हालसम्म पुष्टि भएको छैन । तर यसो भन्दैमा ढुक्क हुने स्थिति भने छैन ।

यस कुरालाई गम्भीर रूपमा लिई विश्व स्वास्थ्य सङ्गठन, विश्व पशु स्वास्थ्य सङ्गठन, यूएनओ, विश्व खाद्य तथा कृषि सङ्गठन जस्ता अन्तर्राष्ट्रिय निकायहरु सम्भावित मानवीय क्षति कम गराउन आफ्नो ज्ञान र अनुभव सम्भावित जोखिममा पर्न सकने राष्ट्रहरुमा साट्न र सहयोग गर्न हातेमालो गर्न संलग्न छन् ।

सन् २००६ को पूर्वार्धदेखि युरोपेली मुलुकमा समेत जरो गाड्न पुगेको बर्ड फ्लु भाइरस इटाली ग्रिस, जर्मनी, अस्ट्रिया, स्लोभिनिया, स्लोभाकिया, हङ्गेरी र फ्रान्सका पन्छीजन्य पदार्थमा फेला पर्दा गरिएका निरोधत्मक प्रयासका कारण कतै मानिसमा सर्न रोकिएको हो कि भन्ने सङ्केत मिल्छ ।

हाम्रा आफ्नो छिमेकमा विगत केही वर्षदेखि साइत जुराएर देखा पर्दै आएका यस भाइरसको सङ्क्रमण साउनको पहिलो साता अकस्मात भक्तपुरमा देखा परेको थियो । यसले हामीमा केही सन्त्रास भयो । यसपछि केही प्रयास भएका छन् र तिनले सकारात्मक सङ्केत देखाएका छन् । तर गर्नुपर्ने काम भने निकै नै छन् ।

पन्छी तथा पन्छीजनित सामग्रीका सम्पर्कमा निरन्तर रहनुपर्ने मानिसमा यो रोगबाट बढी सङ्क्रमित हुने जोखिम छ । यस उसले कुखुरा पालक किसानले बढी जैविक सुरक्षाका उपाय अपनाउनु उचित हुन्छ । यस बारे बेलैमा सूचना प्रवाह, पन्छीको शङ्कास्पद मृत्यु भएमा द्रुत निदानतिर लाग्नुपर्छ । कुनै ठाउँमा यस रोगको सङ्क्रमण पुष्टि भएमा रोग नियन्त्रणको द्रुत उपाय अपनाउनु पर्छ । त्यस बेला सञ्चार जगत, नागरिक समाज, उपभोक्ता, नागरिक प्रशासन, राजनीतिक दलले निर्वाह गर्नुपर्ने भूमिकाबारे सतर्कता साथ सूचना प्रवाह गर्नुपर्छ । बर्ड फ्लुको सन्त्रासबाट बचिन्छ । भनिन्छ बर्डफ्लुबाट सतर्क त हुनुस तर नआत्तिनुस् । हालसम्म ६० मुलुकमा फैलिएको यस रोगका कारण ३७७ जना मानिसले मृत्युवरण गरेका छन् । इ.स. २०१३ मा चीनमा यस भाइरसले आफ्नो अनुवांशिक संरचना परिवर्तन गरेका कारण हालसम्म ४५ जनाले मृत्युवरण गरेका छन् । यदि विषाणुले स्वरूप परिवर्तन गरी मानिसबाट मानिसमा सर्न सक्यो र यही उच्च प्रतिशतमा मृत्युदर कायम रह्यो भने कति मानिसको मृत्यु होला भन्ने चिन्ताले नै यो रोगलाई जटिल रूपमा हेरिएको हो । जनस्वास्थ्यकर्मीको चिन्ता अर्को विश्व महामारीबाट कसरी बचाउने हो भन्ने मात्र हो ।

रातोपाटीबाट

# सुनसरी र मोरंगबाट लागु औषध सहित चार पक्राउ

बिराटनगर । सुनसरी र मोरंगको विभिन्न स्थानवाट लागु औषध सहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनको विवरण अनुसार सुनसरीको धरान उप-महानगरपालिका वडा नं. ८ तिनकुनेबाट नियन्त्रीत लागुऔषध ट्याब्लेट सहित १ जना पक्राउ परेको छ । ईलाका प्रहरी कार्यालय धरानबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले धरान उपमहानगर पालिका वडा नं. ९ का ३५ बर्षीय मुन्ना खान भनिने अलि मुजुजा अहमदलाई पक्राउ गरेको हो ।

अहमदको साथवाट डाईलेक्स डीसी १०० एमएल को १५ बोतल र एसपामो प्रोक्सभोन प्लस ७२० क्याप्सुल लागुऔषध बरामद भएको थियो ।

त्यसैगरी मोरङ प्रहरीले बिभिन्न स्थानबाट लागूऔषध सहित ३ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा उर्लाबारी ७ का २२ बर्षीय दिपक धिमाल, सोही स्थानका २२ बर्षीय प्रकाश थापा र केराबारी १० का ३१ बर्षीय प्रेम बहादुर राई रहेका छन् ।

धिमाल र थापालाई प्रहरी चौकी झुर्किया र ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले रतुवामाई नगरपालिका वडा नं. ६ आमबारी चोकबाट नेटराभेट १० एमजी ५४ क्याप्सुल, टरमाडोल ९८ क्याप्सुल, स्पासपेन १४ क्याप्सुल र ब्राउन सुगर २९० मिलीग्राम सहित पक्राउ गरेको थियो ।

ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बिराटनगर महानगर पालिका वडा नं. १६ दरैया स्थित राईलाई लागूऔषध एभिल १० एम्पुल र डाईजाल्याब ९ एम्पुल सहित पक्राउ गरेको छ ।

पक्राउ परेका सबै उपर थप अनुसन्धान भईरहेका प्रहरीले जनाएको छ ।

# जाली नोट सहित तीन पक्राउ

झापा । झापाको छुट्टा छुट्टै स्थानमा भएको सवारी दुर्घटनाबाट २ जनाको मृत्यु भएको छ ।

शनिबार बेलुका साढे ४ बजे कमल गाऊपालिका ४ सितापुरी चौक स्थितमा प्र १-०१-०१२ प १६०२ नम्बरको मोटरसाईकलले सोही स्थानका ६ बर्षीय बालक निश्चल खड्का ठक्कर दिई घाईते बनाएको थियो । घाईते बालकको लाइफ लाइन अस्पताल दमकमा उपचारको क्रममा बेलुका ५ बजे मृत्यु भएको छ ।

त्यस्तै झापाको बिर्तामोड २ रामचौक स्थित पुर्व-पश्चिम राजमार्गमा मे १० प ५५२० नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाईकल चालक अर्जुनधारा ९ का ३० बर्षीय सुमन थापा र पछाडी सवार अर्जुनधारा ७ की २७ बर्षीया सुसना राई घाईते भई उपचारको लागी बिर्तासिटी अस्पताल बिर्तामोड पठाईएको थियो । घाईते मध्ये सुसनाको उपचारको क्रममा बेलुका साढे ८ बजे मृत्यु भएको थियो भने अर्को घाईते सुमनको सोही अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# घरमा आगलागी हुँदा लाखौको क्षति

बिराटनगर । जहदा गाउँपालिका वडा नं. १ राजबंशी टोलमा बसोवास गर्ने एक सरबरिया परिवारको घरमा आगलागि हुँदा लाखौको क्षति भएको छ ।

फूल कुमार सरबरीयाको घरमा राती करीब अढाई बजे तिर घरमा अचानक आगलागि हुंदा सो बराबरको क्षति भएको हो ।

सरबरियाको घरमा रहेको १८ क्वीनटल गहुँ, लत्ता-कपडा, धान २ क्वीनटल, चामल २ क्वीनटल, नगद ५ लाख लगायत घरमा रहेको सम्पूर्ण समानहरु जलेर नष्ट भएको छ । सरबरीया २ छोरा, १ छोरी, श्रीमति सहित ५ जनाको परिवार अहिले विच्चलीमा परेको छ ।

सो आगो नियन्त्रणमा लिन स्थानीयय बासी, फडानी थानाका प्रहरी, बुधनगरका आर्मी पोलिस फोर्सलगायतको सहयोगमा विहान ५ बजेतिर आगो नियन्त्रणमा आएको थियो ।


## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

रघुनन्दन चौधरी
अध्यक्ष

संगिता कुमारी राय
उपाध्यक्ष

उमेश घिमिरे
प्र.प्रशासकिय अधिकृत

बर्जु गाउँपालिका, गाउँपालिकाको कार्यालय
प्रदेश नं. १ सुनसरी, नेपाल

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

गफार अन्सारी मिया
अध्यक्ष

रिमझीम कुमारी भागत
उपाध्यक्ष

भक्तबहादुर खड्का
प्र.प्रशासकिय अधिकृत

हरिनगर गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ सुनसरी, नेपाल

## आफू सत्तामा...

– हाम्रो नजरमा त सबै प्रतिगमनकारी नै हुन् । केपी ओली, प्रचण्ड र कोइरालाहरुले हामीमाथि गोली चलाएर संविधान जारी गरेको होइनन् ? जनताले प्राप्त गरेको अधिकार पनि खोसेर यिनीहरुले संविधान बनाएका हुन् । त्यसैले यी सबै प्रतिगमनकारी नै हुन् । त्यसमा केपी ओलीजीले संसद विघटन गरर थप प्रतिगमन गर्नुभएको थियो । त्यसको विरुद्धमा हामी सबै मिलेर लड्यौं र अन्ततोगत्वा सर्वो अदालतले त्यसलाई पराजित गर्‍यो । त्यो प्रतिगमन अदालतको निर्णयबाट सच्चिएको हो । अहिले सत्ता र कुर्सीको लडाइ हो । उपेन्द्रजीहरु अर्को सरकार बनाएर सरकारमा जाने सोच बनाउनुभएको छ, यदि त्यसो हो भने माग र मुद्दा सम्बोधन नभइकन त्यसरी त सरकारमा जान पाइँदैन । हाम्रो माग र मुद्दाको सन्दर्भमा वर्तमान सरकारले नै पूरा गरिरहेको छ । पार्टीले के निर्णय गर्छ सोही कुरालाई अगाडि बढाउने हो ।

० पार्टीको बैठक किन बसिरहेको छैन त ?

– अहिलेसम्म हाम्रो पार्टीमा सत्ता समीकरण वा सहकार्यको एजेन्डा बनेको छैन । पार्टीको एजेन्डा भनेको आफ्नो माग र मुद्दालाई कसरी सम्बोधन गराउने तर्फ हामी अग्रसर छौं । सत्ताको एजेन्डा भनेको नेपाली कांग्रेसले निर्णय गरेको छ, उसको नेतृत्वमा सरकार बन्नुपर्‍यो त्यो उसको एजेन्डा हो, हाम्रो होइन । उसको पछि दौडिने जसपाको काम होइन । माओवादीको एजेन्डा हो केपी ओलीको बहिर्गमन । आफै समर्थन जारी नै राखेको छ, अनि बहिर्गमन गराउने रे । माओवादीको पछि लाग्ने हाम्रो एजेन्डा होइन । जब यो संसदमा सरकार र सत्ताको कुरा प्रवेश गर्छ त्यतिबेला स्वाभाविक एजेन्डा बन्छ त्यतिबेला पार्टीको बैठक बस्छ । त्यसैले पार्टीले कुनै निर्णय गरिहाल्नुपर्ने परिपक्क समय आएको छैन । परिपक्क समयमा पार्टीले उपयुक्त निर्णय गर्छ र त्यो कार्यान्वयन हुन्छ ।

० माओवादीको एजेन्डामा उपेन्द्र यादवहरु किन लागिरहनुभएको होला ?

– माओवादी र प्रचण्डजीसँग उपेन्द्रजीको के हो सम्बन्ध, त्यो त उहाँसँग नै सोध्नुहोला । हामी त कसैको अनुहार हेर्ने होइन, आफ्नो मुद्दा हेर्ने हो । विगतको मधेश आन्दोलनको लिगेसी हाम्रो टाउकोमा छ । हामीले आन्दोलनका बेला उठाएको मुद्दा सम्बोधन गराउन सकेनौं । त्यो भनेको संविधान संशोधन थियो । त्यो संविधान संशोधनको स्वीकारोक्ति प्रक्रिया अगाडि बढाउन दबाब बनाउने हाम्रो दायित्व हो । त्यो हामीले गरिरहेका छौं । हाम्रो आह्वानमा गरिएको आन्दोलनमा सयौं नेता कार्यकर्ताहरुमाथि झुठा मुद्दाहरु लगाइदिए । साथीहरु जेलमा छन्, साथीहरु पीडामा छन् । ती मुद्दाहरु फिर्ता गराउने, बन्दी रिहाइ गराउने हाम्रो नैतिक दायित्व हो । त्यसैले विगतको आन्दोलनको जुन अभिभारा हो, त्यसलाई हामीले दायित्व बोध गर्नुपर्छ । औपनिवेशिक सोच र चिन्तनबाट यो देशलाई कसरी मुक्ति दिलाउने हो, देशमा अधिकार, पहिचान, सुशासन कसरी ल्याउने हो त्यो एजेन्डाका साथ जसपाको निर्माण भएको हो । त्यो एजेन्डाका लागि हामीले आगामी दिनमा संघर्ष गर्ने नै हो । विगतको कार्यभारलाई अहिले हामी पूरा गर्न खोजेका हौं ।

० उपेन्द्र यादवले मुद्दा फिर्तालाई तपाईंहरुले पोलिटिकल ब्ल्याकमेलिङ्ग गर्दै सत्तासँग साट्न खोज्नु भएको भन्ने आरोप लगाउनुभएको छ नि ?

– यो शोभनीय कुरा होइन । कार्यकर्ताको पीडा नेताले बुझ्नुपर्छ । मुद्दा फिर्ता सत्ता र सहकार्यसँग कुनै सरोकार नै छैन । सरकार र सत्ताको सम्बन्ध आउँछ । त्यो कसरी आउँछ भने जसरी दुईबुँदे सहमति गरेर उपेन्द्रजी सरकारमा कुदिहाल्नुभएको थियो र काम गराउन सक्नुभएन । त्यहाँबाट यदि माग सम्बोधन गराउने हो भने सत्ता सहकार्यको कुरा आउँछ । उहाँले संविधान संशोधन गराउन सक्नुभएन अनि सरकार नै छोड्नुपर्ने अवस्था आयो, त्यो काम हामीले सरकारभन्दा बाहिर बसेर गराउन खोजेका छौं । त्यो काम यदि हामीले सरकारबाट गराउन सक्यौं भने मुद्दा र राजनीतिक सवालका लागि अगाडि बढ्न सकिन्छ । त्यसैले मुद्दा फिर्तालाई सत्तासँग जोड्न जरुरी नै छैन । सरकारमा सहभागिता वा सहकार्यका लागि यो मुद्दा फिर्ता भएको होइन । हामीले निःशर्त भनेका थियौं, त्यहींरुपमा भइरहेको छ । आगामी दिनमा राजनीतिक मुद्दा लिएर हामी अगाडि बढ्छौं । त्यो सम्बन्धमा सरकार सकारात्मक रुपमा आएको अवस्थामा पार्टीले सकारात्मकरुपमा निर्णय लिन सक्छ । उपेन्द्रजी वा राजेन्द्रजीले के भन्छ, त्यसको कुनै अर्थ छैन । पार्टीले के भन्छ त्यसको अर्थ छ र सोही अनुसार पार्टी चल्छ । पार्टी भने कुनै व्यक्तिको होइन । कसैको हैकमवादी वा एकल विचारबाट जसपा चल्दैन । सामूहिक विचार र संस्थागत निर्णयबाट चल्ने पार्टी हो जसपा । त्यसैले आफ्नै गोरुको बाह्रैटक्का कसैको चल्नेवाला छैन ।

० उपेन्द्र यादव सरकारमा गएर पनि माग पूरा गराउन सक्नुभएन, तपाइँहरु बाहिर भएर पनि मागहरु पूरा गराउँदै हुनुहुन्छ । भनेपछि यसको श्रेय तपाइँहरुले मात्र लिनुहुन्छ भन्ने मानसिकता पनि होला कि ?

– संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा मधेश आन्दोलन भएको थियो । त्यतिबेला उपेन्द्रजीको फोरम पनि थियो र हामी पनि थियौं । त्यो आन्दोलनमा हाम्रा सयौं आन्दोलनकारीहरुले शहादत दिएका थिए, हजारौं घाइते भएका थिए, सयौंमाथि मुद्दा हालिएको छ र दर्जनौं साथीहरु जेलमा छन् । अनि यसबारे कसले सोचिदिने ? हाम्रो आह्वानमा आन्दोलन हुने अनि ती कार्यकर्ताहरुलाई बीचमा नै छोड्ने ? आफू सत्तामा हुँदा केही गर्न नसक्ने र अहिले प्रयास गरेको काम हुँदा त्यसको केही अर्थ छैन भन्न मिल्दैन । जसरी पनि पार्टीले काम गराउन सकेमा हाम्रा कार्यकर्ता र जनताका लागि सुखद कुरा हो । यसमा जस-अपजसको सवाल होइन । अब कसैले गराउन सकेन, किन गराउन सकेन त्यसको मूल्यांकन आफैले गर्ने हो । देश र जनताले हेरिरहेका छन् । सत्तामा कुर्सीका लागि मात्रै जाने होइन, जनताको कामको लागि पनि जाने हो नि त । त्यसैले अहिले भइरहेको छ भने रिसराग राख्ने कुरा पनि छैन । अहिले भइरहेको छ भने आत्मसात गर्नुपर्ने, स्वागत गर्नुपर्ने, खुशी मनाउनुपर्ने हो । उल्टो-उल्टो कुरा गरेर हुँदैन नि ।

० सांसद रेशमलाल चौधरी रिहा नभइकन सत्ता सहकार्यको वातावरण बन्न सक्छ ?

– मुद्दा, मामिला फिर्ता सत्ता सहकार्यसँग सम्बन्ध नै होइन । सत्ता सहकार्यको सम्बन्ध राजनीतिक मुद्दासँग छ । केही मुद्दाहरु फिर्ता भएका छन्, केही हुने क्रममा छन् । सर्वोच्च अदालतमा चलिरहेको मुद्दा अदालती प्रक्रियाबाट नै समाधान हुने हो । रेशम चौधरी लगायत टीकापुर घटनाका करिब ६ जनाको मुद्दा सर्वोच्चमा छ, त्यो अदालती प्रक्रियाबाट नै टुंगिन्छ भन्ने कुरा नियम कानूनअनुसार हुने बताइएको हो । सर्वोच्चमा रहेको मुद्दा फिर्ता लिन मिल्दैन । अदालतमा सफाई पाउने हामीलाई विश्वास छ । अदालतमा टुंगिसकेपछि केही रहन्छ भने सरकारको काम हुन्छ । सरकारले हामीलाई वचन दिएको छ ।

० लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरण पनि तपाइँहरुको माग हो, यसबारे के भइरहेको छ ?

– लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्छ भनेर हामीले माग गर्दै आएका छौं । त्यो सार्वजनिक भयो भने सरकारलाई पनि सहयोग हुन्छ र मुद्दामा फैसला गर्न पनि सहयोग हुन्छ । त्यो राजनीतिक मुद्दा हो, मधेश-थरुहट आन्दोलनमा के कसरी भएको हो भन्ने कुराको सत्यतथ्य त्यो प्रतिवेदनमा आएको छ भन्ने सुनेका छौं । नेपाली जनताले पनि थाहा पाउलान् । त्यसैले हामीले लाल आयोगको प्रतिवेदन सार्वजनिक होस् भनिरहेका छौं ।

० अहिले मुद्दा फिर्ता भइरहेको बेलामा प्रतिवेदन सार्वजनिक भइदियो भने अड्डा अदालत र सरकारलाई पनि सजिलो हुन्थ्यो नि ?

– लाल आयोगको प्रतिवेदनले मुद्दा मामिलामा निर्णय दिन सहयोग गर्छ, त्यो सही हो । तर त्यो सार्वजनिक भएन भने मुद्दै फिर्ता नहुने, केही काम कारबाही अगाडि बढ्दैन भन्ने होइन । त्यो सरकारको अधिकार क्षेत्रभित्र पर्छ । त्यो झुठा मुद्दा हो, राजनीतिक मुद्दा हो । त्यसैले सरकारले फिर्ता पनि गरिरहेको छ । तर लाल आयोगको प्रतिवेदन सार्वजनिक भयो भने टीकापुर घटनाबारे फैसला गर्न सजिलो हुन्छ । हामीले पनि सरकारलाई भनिरहेका छौं ।

० अब अन्त्यमा, सत्ता सहकार्यको वातावरण बन्दै गर्दा जसपा विभाजनको सम्भावना कति छ ?

– मुद्दा फिर्ता गर्दैमा सत्ता सहकार्यको कुरा हुनै सक्दैन । मुद्दा फिर्ता लियो भने पार्टी सरकारमा गइहाल्ने अवस्था छैन । राजनीतिक मुद्दाहरु संविधान संशोधन लगायतका सवालहरु जसबाट जनता प्रभावित छन्, त्यो सन्दर्भमा सरकार सकारात्मक रुपमा आएको अवस्थामा पार्टीको बैठकमा सकारात्मक परिस्थिति बन्न सक्छ । राजनीतिक मुद्दामा सरकारको व्यवहार र पार्टीको निर्णय आउन बाँकी छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश) मधेशवाणीबाट




## लागुऔषध सहित २ जना पक्राउ

बिराटनगर । प्रतिवन्धीत लागुऔषध सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङ उर्लाबारी नगरपालिका वडा नं. ४ स्थित आईतबारे बजारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं.४ आईतबारे बस्ने बर्ष अन्दाजी २१ को सागर तामाङ्ग, बर्ष अन्दाजी १७ को दिपेश राजवंशीलाई पक्राउ गरको हो ।

तामाङ्ग र राजवंशीको साथबाट प्रतिबन्धीत औषधी टरमोल १० पत्ता (१००) चक्की र डिकोलिक १० पत्ता (१०० ) चक्की बरामद भएको थियो । दुबै जना लाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय उर्लाबारीमा ल्याई थप अनुसन्धान भईरहेको छ । ।

## दुर्घटनामा एकको मृत्यु १२ घाईते

उदयपुर । उदयपुरको उदयपुरगढी वडा नं. ७ मा बुधवार भएको सवारी दुर्घटनामा परी १ जनाको मृत्यु भएको छ भने १२ जना घाईते भएका छन् ।

उदयपुरगढीबाट गाईघाट तर्फ जाँदै गरेको स १ च ९३९ नम्बरको बलेरो आफै अनियन्त्रीत भई दुर्घटना हुँदा बलेरोमा सवार रहेका १३ जना घाईते भएका थिए ।

घाईतेहरुलाई उपचारको लागी जिल्ला अस्पताल गाईघाट पठाईएकोमा उदयपुरगढी गाउँपालि का वडा नं. १ का ३७ बर्षीय शिव खत्रीको बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

अन्य घाईतेहरुलाई जिल्ला अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारको लागी बिराटनगर पठाएको उक्त कार्यालयले जनाएको थियो । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## प्रतिवन्धित औषधी सहित दुई पक्राउ

बिराटनगर । मोरङ उर्लाबारी नगरपालिका वडा नं. ४ स्थित आईतबारे बजारबाट प्रतिबन्धित औषधी सहित २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उर्लाबारी ४ का २१ बर्षीय सागर तामाङ् र सोही स्थानका १७ बर्षीय दिपेश राजवंशी रहेका छन् ।

मंगलबार प्रहरी टोलीले चेकजाँचको क्रममा उनीहरुको साथबाट प्रतिबन्धीत औषधी टरमोल १०० चक्की र डिकोलिक १०० चक्की सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय उर्लबारीले जनाएको थियो ।

## इटहरीमा करेन्ट लागेर एकको मृत्यु

सुनसरी । सुनसरी इटहरी उपमहानगर पालिका वडा नं. १२ खनार का २८ बर्षीय साजन सरदारको करेन्ट लागी मृत्यु भएको छ ।

बुधवार सोही स्थानका नरेन्द्र जोशीको घरमा ग्रिलको काम गर्ने क्रममा करेन्ट लागी घाईते भएका सरदारको बिराट टिचिङ अस्पतालमा उपचारको क्रममा सोही दिन मृत्यु भएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| राजन मेहता<br>नगर प्रमुख | जमुना देवी गौतम<br>नगर उप-प्रमुख | डिल्ली राज निरौला<br>प्र.प्रशासकिय अधिकृत |
| --- | --- | --- |

इनरुवा नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ सुनसरी नेपाल